# पाँचपोखरी थाङपाल गाउँपालिका

## रोजगार सेवा केन्द्र

**थाङपालधाप, सिन्धुपाल्चोक**



# रोजगार सेवा केन्द्रको वार्षिक प्रगती प्रतिवेदन

## २०७८/०७९


**तयार गर्ने:**

**ध्रुव प्रसाद लामिछाने**

**रोजगार संयोजक**

# प्रतिवेदनको सारांश

नेपालको संविधानको धारा ३३ मा रोजगारीलाई नागरिकको मौलिक हकको रुपमा राखिएको छ। संविधानत् हरेक नागरिकलाई आफूले चाहेको रोजगारीको छनौट गर्न पाउने अधिकार रहेको छ। रोजगारीको खोजिमा युवा तथा शैक्षिक जनशक्ति विदेशीनेक्रम दिन प्रतिदिन बढीरहेको छ। देशमा रोजगारीका पर्याप्त अवसरको अभावमा आफू र परिवारको रोजिरोटीका लागि बैदेशिक रोजगारीमा जाने अधिकांश व्यक्तिले सीप र दक्षताको अभावमा आफ्नो रोजाई अनुसारको काम पाउन सकिरहेका छैनन्। अर्कोतर्फ वैदेशिक रोजगारीमा जानेहरुले वाध्यात्मक रुपमा जोखिमपुर्ण क्षेत्रमा काम गर्नुपरिरहेको छ। कामका लागि आवश्यक सीप र क्षमताको अभावमा नै कतिपय बैदेशिक रोजगारीमा जाने व्यक्रिहरुले जोखिमपुर्ण कामका कारण नै मृत्युको शिकार हुनु परिरहेको छ। वैदेशिक रोजगारीमा देखिएका यावत समस्या तथा जोखिमहरुलाई मध्यनजर गरि स्थानीय स्तरमा उपलब्ध श्रम परिचालन मार्फत सार्वजनिक निर्माणमा योगदान गर्ने र आन्तरीक रोजगारी प्रवर्द्धनमा सहयोग गर्ने उद्देश्यले सरकारले रोजगारीको हक संवन्धि ऐन २०७५ तथा रोजगारीको हक सम्वन्धि नियमावली २०७५ निर्माण गरि आ.व. २०७५/०७६ देखि ***प्रधानमन्त्री रोजगार कार्यक्रम*** सञ्चालनमा ल्याएको हो। पाँचपोखरी थाङपाल गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०७५/०७६ देखि ***रोजगार सेवा केन्द्रको स्थापना*** भै नियमित रुपमा कार्यक्रम सञ्चालन हुँदै आएको छ। कार्यक्रम सञ्चालन गर्ने क्रममा आ.व. २०७८/०७९ मा रोजगार सेवा केन्द्रमा अघिल्लो आ.व मा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउन ***कामका लागि पारिश्रमीकमा आधारीत आयोजना****हरु* सञ्चालन गरि न्यूनतम रोजगारी उपलब्ध गराउने कार्य निरन्तर रुपमा भइरहेकोछ।

सरकारले बेरोजगार व्यक्तिहरुका लागि एक आर्थिक वर्षमा ***न्यूनतम १०० दिनको*** रोजगारी उपलब्ध गराउने र तोकिए अनुसार रोजगारी दिन नसकेमा बेरोजगार व्यक्तिहरुलाई सरकारले तोकेको मापदण्डका आधारमा निर्वाह भत्ता समेत उपलब्ध गराउने गरि प्रधानमन्त्री रोजगार कार्यक्रमको अवधारण ल्याएको भए पनि आ.व. २०७८/०७९ सम्ममा बेरोजगार सूचिमा सुचिकृत व्यक्तिहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउन नसकेवापतको निर्वाह भत्ता वितरको लागि कुनै प्रक्रिया अगाडि बढाएको छैन। बेरोजगार व्यक्तिको दर्ता गर्दा वास्तविक बेरोजगार पहिचान गर्न समस्या रहेको छ। बेरोजगार व्यक्तिले उपलब्ध गराएको सूचनाको आधारमा रोजगार व्यवस्थापन सूचना प्रणालीले गर्ने प्राथामिकिकरण तथा वास्तविक रुपमा वेरोजगार व्यक्तिहरुको पारिवारिक अवस्था बिच फरक देखिनुले वास्तविक वेरोजगार भन्दा पनि अलि टाठाबाठा व्यक्तिहरुले आफ्नो वास्तविक विवरण भन्दा फरक सूचना दिएकोले बेरोजगार सूचीकरण प्रकृयामा समस्या देखिएकोछ।

आ.व. २०७८/०७९ मा यस गाउँपालिकामा सूचिकृत बेरोजगारहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउनेगरि ***कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना*** सञ्चालन गर्न रु. ***२,४०,१५,०००।००*** शसर्त अनुदानको रुपमा उपलब्ध भएको थियो भने कार्यक्रमका लागि गाउँपालिकाले रु. ***४८,५५,०००।००*** उपलब्ध गराएको थियो। उक्त रकमबाट विभिन्न वडाबाट सिफारीस भई आएका **३४ वटा आयोजना** कार्यान्वयन गरिएको छ। उक्त आयोजनामा **५४१** जना सूचिकृत बेरोजगारहरुले औषत ६६.२४ दिनको रोजगारी प्राप्त गरेका छन्। आयोजना सञ्चालन गर्न प्राप्त अनुदान मध्ये ***रु. २,६७,५८,३७१।०० खर्च*** भएको छ। खर्च भएको रकम मध्ये ***रु २,०८,८५,९४५।०० (७८%) कामदारको ज्यालामा खर्च*** भएको छ। आयोजना सञ्चालन गर्ने क्रममा सञ्चालन गरिएको काम तथा आयोजनाको भुक्तानी प्रक्रियाले गर्दा आगामी दिनमा समेत यस किसिमका आयोजनालाई निरन्तरता दिनुपर्ने धारणा सरोकारवालाहरुको रहेको छ। समुदायमा यस किसिमका आयोजना सञ्चालन हुँदा समुदायको आर्थिक अवस्थामा सुधार आउने, समान कामका लागि समान ज्याला हुने हुँदा महिलाहरुको आर्थिक शसक्तिकरणमा टेवा पुग्ने र समृद्धिको लागि आधार तयार हुने भएकोले आगामी दिनमा **कामका लागि पारिश्रमीकमा आधारीत आयोजनाहरु** कार्यान्वयन गर्न गाउँपालिकाले थप रकम विनियोजन गर्नुपर्ने देखिन्छ।

# विषय सूची

१. पृष्ठभुमी: ........ ३
२.कार्यक्रमको दिर्घकालिन सोच तथा लक्ष्य: ........ ३
३. कार्यक्रमको उद्धेश्य: ........ ४
४. कार्यक्रमको रणनीति: ........ ४
५. सञ्चालन भएका क्रियाकलाप तथा उपलब्धिहरु: ........ ४
५.१ बेरोजगार व्यक्तिको सूचीकरण: ........ ५
५.२ रोजगार सेवा केन्द्रको वार्षिक समिक्षा: ........ ६
५.३ वडा स्तरीय कामदार अभिमुखिकरण: ........ ७
५.४. रोजगार व्यवस्थापन सूचना प्रणाली अद्यावधिक: ........ ८
५.५ कामदारको बैंक खाता खोल्नका लागि सहजिकरण: ........ ८
५.६ कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना सञ्चालन: ........ ८
५.६.१ रोजगारमुलक आयोजनाको छनोट: ........ ९
५.६.२ वजेट विनियोजन ........ १०
५.६.४ आयोजना कार्यान्वयन: ........ १३
५.६.५ कार्यक्रमको अनुगमन: ........ १५
६. आयोजनाको खर्च तथा रोजगारी सिर्जना ........ १६
७. कार्यक्रमको मुख्य उपलब्धि: ........ २०
८. कार्यक्रम सञ्चालन गर्दा आईपरेका समस्या तथा चुनौतीहरु: ........ २०
९. कार्यक्रमको सुधारगर्नुपर्ने पक्ष: ........ २१
१०. कार्यक्रमको निश्कर्ष तथा सुझाव: ........ २२

# पाँचपोखरी थाङ्पाल गाउँपालिका

## रोजगार सेवा केन्द्र

### थाङ्पालधाप, सिन्धुपाल्चोक

# वार्षिक प्रगती प्रतिवेदन

## २०७८/०७९

### १. पृष्ठभुमी:

नेपालको संविधान २०७२ अनुसार रोजगारी पाउनु नागरिकको मौलिक हक रहेको छ। नेपालको संविधान २०७२ को धारा ३३ (१) मा प्रत्येक नागरिकलाई रोजगारीकोहक हुनेछ भन्ने कुरा उल्लेख गरिएकोछ। सोही धाराको (२) मा प्रत्येक नागरीकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ।

नागरिकको संविधानप्रदत्त अधिकार सुनिश्चितताका लागि सरकारले रोजगारीको हक संवन्धि ऐन, २०७५ पारित गरी आ.व २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरे अनुसार २०७५ साल फाल्गुण महिनाबाट ७५३ वटा स्थानीय तह मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुँदै आएको छ। कार्यक्रम कार्यान्वयनका लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय तह बिच त्रिपक्षिय समझदारी (सम्झौता) भएको छ। उक्त समझदारीमा कार्यक्रम सञ्चालनका लागि आ आफ्नो तहबाट पहल गर्ने, रोजगारीको अवसर सिर्जनाहुने गरि योजना तजुमा गर्ने र कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ। स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि **रोजगार सेवा केन्द्रको स्थापना** गरि सञ्चालनमा ल्याइएकोछ। कार्यक्रम सञ्चालनका लागि सरोकारवालासँग समन्वय गर्ने, योजना कार्यान्वयनका लागि सहजिकरण गर्ने तथा कार्यक्रमको अनुगमन गर्न रोजगार सेवा केन्द्रमा रोजगार संयोजक लगायत कर्मचारीहरु नियुक्त गरि कार्यक्रम सञ्चालन हुँदै आएको छ।

आ.व २०७८/०७९ मा पाँचपोखरी थाङपाल गाउँपालिकामा रोजगार सेवा केन्द्र अन्तरगत सूचीकृत कामदारलाई रोजगारीमा परिचालन गर्न आवश्यक रोजगार सूचना व्यवस्थापन प्रणालीको अद्यावधिक गर्ने, स्थानीय स्तरमा रोजगारमुलक आयोजना कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने, रोजगार व्यवस्थापन प्रणाली अनुसार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने कार्य भएको छ। सुचिकृत बेरोजगारलाई रोजगारी उपलब्ध गराउन संघिय सरकारबाट प्राप्त शशर्त अनुदान तथा गाउँपालिकाको लागत साझेदारीमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरगत ६ वटा आयोजना र नेपाल सरकार अन्तरगत २८ वटा गरि कुल ३४ वटा कामका लागि पारिश्रमीकमा आधारित आयोजनाहरु सम्पन्न गरिएको छ।

### २.कार्यक्रमको दिर्घकालिन सोच तथा लक्ष्य:

सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच रहेको छ। स्थानीय स्तरमा सञ्चालन हुने रोजगारीका अवसरहरुबाट आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य रहेको छ।

## ३. कार्यक्रमको उद्देश्य:

प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय स्तरमा बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गरि स्थानीय स्तरमा सञ्चालन हुने आयोजनाहरुमा बेरोजगार सुचिमा सूचिकृत बेरोजगारहरुलाई परिचालन गर्ने सोचका साथ सञ्चालनमा ल्याइएको कार्यक्रम हो । कार्यक्रमको उद्देश्यहरु देहायअनुसार रहेका छन् ।

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## ४. कार्यक्रमको रणनीति:

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा स्थानीय स्तरमा अधिकतम रोजगारीका अवसरहरुको सिर्जना गर्नका लागि निम्न अनुसार रणनीति अवलम्वन गरिएको छ ।

(क) स्थानीय स्तरमा आन्तरीक रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(ख) रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तरतहगत समन्वय गर्ने ।

(ग) सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

(घ) तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने ।

(घ) रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

(ङ) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने ।

## ५. सञ्चालन भएका क्रियाकलाप तथा उपलब्धिहरु:

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रारम्भ पश्चात पाँचपोखरी थाङपाल गाउँपालिकामा आ.व. २०७५/०७६ मा रोजगार सेवा केन्द्रको स्थापना पश्चात निरन्तर रुपमा वेरोजगार सूचीकरण तथा सार्वजनिक निर्माणका क्षेत्रमा रोजगारी सिर्जनाकाकार्यक्रहरु सञ्चालन हुँदै आएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट शसर्त अनुदानको रुपमा विनियोजन भएको रकम तथा कार्यक्रम सञ्चालन गर्न प्राप्त अख्तियारी अनुसार आ.व २०७८/०७९ मा पाँचपोखरी थाङपाल गाउँपालिकाले स्विकृत योजना अनुसार आयोजना सञ्चालन भएको छ भने आयोजना सञ्चालनका लागि गाउँपालिकाले लागत साझेदारी गरि गरेको छ । गाउँपालिकामा आ.व २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन भएका कार्यक्रम तथा कार्यक्रमको उपलब्धिहरु निम्न अनुसार रहेको छ ।

## ५.१ बेरोजगार व्यक्तिको सूचीकरण:

प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम रोजगारीमा संलग्न हुनका लागि हरेक आर्थिक वर्षमा बेरोजगार सूचीकरण गर्ने कार्य सञ्चालन गर्दै आएको छ। आ.व २०७८/०७९ का लागि कुल १८०५ जना बेरोजगार व्यक्ति सूचकिरणका भएका थिए। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाले हरेक आर्थिक वर्षको फल्गुण महिनामा वेरोजगार सूचीकरण गर्नुपर्ने उल्लेख गरेको छ। आ.व २०७८/०७९ का लागिसुचिकृत कामदार मध्ये ५२६ जना (२९%) महिला र १२७९ जना (७१%) पुरुष रहेको छ। कुल सूचीकृत कामदार मध्ये ५४१ जनालाई आ.व २०७८/०७९मा विभिन्न आयोजना कार्यान्वयनका लागि परिचालन गरिएको छ। यस गाउँपालिकाको विभिन्न वडामा सूचिकृत भएका कामदार तथा रोजगारीमा संलग्न व्यक्तिहरुको विवरण निम्न अनुसार रहेको छ।




गाउँपालिकाले आ.व २०७९/०८० का लागि बेरोजगार सूचीमा सूचकित हुनका लागि निवेदन दिन प्रकाशन गरेको सूचना अनुसार २०७८ फाल्गुण महिनामा विभिन्न वडा मार्फत निवेदन दिने व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणलीमा अद्यावधिक गने कार्य सम्मपन्न भएको छ। आ.व २०७९/०८० का लागि गाउँपालिकामा कुल १००६ जना वेरोजगार व्यक्तिहरु सूचीकृत भएका छन। वडागत रुपमा आ.व २०७९/०८० का लागि सूचीकृत हुने कामदारको संख्या निम्न अनुसार रहेको छ।



## ५.२ रोजगार सेवा केन्द्रको वार्षिक समिक्षा:

यस गाउँपालिकामा आ.व २०७५/०७६ देखि सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमको समिक्षा गर्ने कार्य सम्पन्न भयो । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि गाउँपालिकामा रोजगार सेवा केन्द्रको स्थापना तथा सञ्चालन भएको छ । गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन भएका कार्यक्रमको विभिन्न सरोकारवालाहरु विच समिक्षा गर्ने र आगामी दिनमा पालिका भित्र आन्तरीक रोजगारीका सम्भावना तथा चुनौतीहरु के रहेका छन् भन्ने बारेमा सुझाव संकलन गरि आगामी दिनमा थप प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले एक दिने समिक्षा कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा गाउँकार्यपालिकाका पदाधिकारी, वडा सचिव, प्राविधिक कर्मचारी तथा शाखा प्रमुखहरुको सहभागिता रहेको थियो भने कार्यक्रम गाउँपालिकाका अध्यक्ष श्री टासीलामा ज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।



समिक्षा कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष श्री टासी लामाले कार्यक्रममा भएका छलफल तथा प्रस्तुतीले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको औचित्य पुष्टि भएको र रोजगार सेवा केन्द्र अन्तरगत सञ्चालित आयोजनाहरु समग्रमा गर्वगर्न लायक रहेको जानकारी दिनुभयो । प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवात हुँदा यो कार्यक्रमलाई फरक रुपमा हेरीएको भए पनि कार्यक्रम सञ्चालनको दौरानमा यो कार्यक्रम प्रति हाम्रो धारणा परिवर्तन भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संघको कार्यक्रम नभई यो कार्यक्रम गाउँपालिकाको आफ्नो कार्यक्रम हो त्यसैले रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिन हामी सबैको दायित्व भूमीका हुनेछ । गाउँपालिकाको सबै शाखाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुमा सम्भव भए सम्म रोजगार सिर्जना गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा राख्नु भयो । वडा स्तरमा सञ्चालन हुने आयोजनाहरुको अनुगमन गर्ने तथा गुणस्तर कायम गर्ने कुरा वडामा कार्यरत कर्मचारीहरुको पनि भएको ले एक आपसमा समन्वय गरि कार्यक्रम सञ्चालन गर्न तथा छलफलमा उठेका विषयलाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याउन आग्रह गर्नु भयो ।



## ५.३ वडा स्तरीय कामदार अभिमुखिकरण:

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत विभिन्न वडामा सञ्चालन हुने आयोजनामा कामगर्न छनोट भएका कामदारहरुका लागि आयोजना गरिएको अभिमुखिकरण कार्यक्रम सबै वडाहरुमा सम्पन्न भएको छ। कार्यक्रम सञ्चालन गर्ने क्रममा वडा स्तरमा सुचिकृत कामदारहरुको सहभागिता गराउने कार्यमा वडा कार्यालयको महत्वपुर्ण भुमीका रहेको थियो। कार्यक्रममा उपस्थित सहभागि तथा वडाका निर्वाचित प्रतिनीधिहरुले आयोजना सञ्चालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आयोजना कार्यान्वयन गर्दाका शर्तहरुको वारेमा छलफल भएको थियो। कार्यक्रममा कामदार छनोटका आधारहरु, कामदारले पाउने दैनीक ज्याला, कामदारको ज्याला भुक्तानीको प्रक्रिया, रोजगार उपभोक्ता समितिको काम कर्तव्य र अधिकार तथा कामदारको कार्यस्थलमा हुने दुर्घटना विमा आदिको बारेमा छलफल भएको थियो।

कार्यक्रममा कामदार तथा वडा समितिका पदाधिकारीहरु गरि कुल २८६ जनाको सहभागिता रहेको थियो। कामदारहरुले कार्यक्रममा नेपाल सरकारले निर्धारण गरेको ज्याला अत्यन्तै न्यून रहेकोले आगामी दिनमा ज्याला दरमा सुधार गर्नु पर्ने, आयोजनाका लागि निर्माण सामग्री खरिद गर्ने व्यवस्था हुनु पर्ने, सबै सूचिकृत बेरोजगार व्यक्तिले रोजगारी पाउनुपर्ने, दक्ष र अदक्ष कामदारको ज्याला फरक हुनुपर्ने आदि सुझावहरु राख्नु भएको थियो। सबै वडामा सञ्चालन भएको अभिमुखिकरण कार्यक्रमको सहजिकरण रोजगार सेवा केन्द्रको तर्फबाट रोजगार संयोजक श्री ध्रुब प्रसाद लामिछाने तथा प्राविधिक श्री विशाल तामाङले गर्नुभएको थियो। कार्यक्रमको समग्र व्यवस्थापन वडा कार्यलय मार्फत भएको थियो। अभिमुखिकरण कार्यक्रम पश्चात वडा स्तरमा सञ्चालन हुने आयोजनाहरुको सम्झौता समेत भएको थियो। वडा स्तरमा सञ्चालन भएको अभिमुखिकरण कार्यक्रमको झलक निम्न अनुसार रहेकोछ।




कामदार अभिमुखिकरण

## ५.४. रोजगार व्यवस्थापन सूचना प्रणाली अद्यावधिक:

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने क्रममा कार्यक्रम अन्तरगत भएका क्रियाकलापहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणलीमा अध्यावधिक गर्ने कार्य नियमित रुपमा भएको छ । रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत बेरोजगार व्यक्तिको विवरण, पालिका अन्तरगत सञ्चालन भएका आयोजनाहरुको विवरण, आयोजनागत रुपमा काम गर्ने व्यक्तिको विवरण तथा निजलाई भुक्तानी गरिएको ज्यालाको विवरण उक्त प्रणलिमा अद्यावधिक गरिएको छ । रोजगार व्यवस्थापन सूचना प्रणालिमा अद्यावधिक गरिएको तथ्यांकहरुको विवरणको सारांश तलको चार्टमा प्रस्तुत गरिएको छ ।




## ५.५ कामदारको बैंक खाता खोल्नका लागि सहजिकरण:

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालित आयोजनामा कामगर्ने कामदारहरुको ज्याला रकम कामदारको बैंक खाता खोलि खाता मार्फत भुक्तानी गरिएको छ। आयोजनामा परिचालन गरिएका कामदारको बैंक खाता खोल्नका लागि मेगा बैंक नेपाल लिमिटेड, पाँचपोखरी शाखाले वडागत रुपमा बैंक खाता खोल्नका लागि विभिन्न मितिमा वडागत रुपमा शिविर समेत सञ्चालन गरेको थियो । उक्त शिविर सञ्चालन गर्न रोजगार सेवा केन्द्रले समन्वय गरेको थियो भने वडा कार्यालयबाट आवश्यक सहजिकरण गरिएको थियो । आ.व २०७८/०७९ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत काम गर्ने मा ५४१ जना कामदारको बैंक खाता मार्फत ज्याला वापतको रकम भुक्तानी गरिएकोछ ।

## ५.६ कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना सञ्चालन:

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट शसर्त अनुदानको रुपमा यस गाउँपालिकालाई उपलब्ध गराईएको रकम र गाउँपालिकाले कार्यक्रमका लागि लागत साझेदारी गर्न विनियोजन गरेको रकम ***कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७*** तथा ***युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६*** अनुसार गाउँ कार्यपालिकाबाट स्विकृत आयोजना सञ्चालन गरि सूचिकृत बेरोजगारलाई न्यूनतम रोजगारी उपलब्ध गराउन निम्न अनुसार विभिन्न कार्यक्रम सञ्चालन गरियो ।

### ५.६.१ रोजगारमुलक आयोजनाको छनोट:

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ***कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७*** तथा ***युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६*** मा उल्लेखित मापदण्डको आधारमा वडा स्तरबाट छनोट भै शिफारीस भएका आयोजनाहरुलाई गाउँसभाले अनुमोदन गरि योजना बैंक तयार गरिएको थियो । यसरी योजना बैंकमा शिफारिस भएका आयोजनाहरु तथा कार्यक्रम सञ्चालन गर्न उपलब्ध थप वजेटको आधारमा विभिन्न मितिमा बसेको गाउँ कार्यपालिकाको बैठकले थप आयोजना छनोट गरिएको थियो। रोजगार सेवा केन्द्रमा सूचीकृत कामदारको आधारमा वडागत रुपमा वजेट विनियोजन गरि आयोजना कार्यान्वयन भएको थियो । वडागत रुपमा कार्यान्वयन भएका आयोजनाहरुको विवरण तलको चार्टमा प्रस्तुत गरिएकोछ ।




गाउँपालिकाको विभिन्न वडामा सञ्चालन भएका आयोजनाहरुलाई आयोजनाको प्रकृति अनुसार तलको पाईचर्टमा प्रस्तुत गरिएको छ ।



## ५.६.२ वजेट विनियोजन

आ.व २०७८/०७९ मा यस गाउँपालिकामा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा नेपाल सरकारको तर्फबाट विनियोजन भएको वजेट, नेपाल सरकारले कार्य प्रगतिका आधारमा थप निकासा भएको वजेट तथा गाउँपालिका तथा वडा कार्यालयबाट लागत साझेदारीको रुपमा विनियोजन भएको वजेटका आधारमा विभिन्न मितिमा वसेको गाउँकार्यपालिकाको वैठकबाट वजेट विनियोजन भई विभिन्न ३४ वटा ***कामका लागि पारिश्रमीकमा आधारित आयोजना*** कार्यान्वयन गरिएको छ। आ.व २०७८/०८९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यान्वयन गर्ने गरि छनोट भएका आयोजनाहरुमा निम्न अनुसार वजेट विनियोजन गरिएको थियो।

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन भएका आयोजनामा वजेट विनियोजन तथा कामदार परिचालनको विवरण**

| क्र.स. | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | | | | आवश्यक कामदार | वजेटको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.म रोजगार | गाउँपालिका | वडा | जम्मा | | |
| १ | तिपेनी घुम्लेपाखो वडा कार्यालय सडक सोलिङ | १ | ७५०००० | ३५०००० | ० | ११००००० | १३ | नेपाल सरकार |
| २ | चिण्डे मन्दीगाउँ सडक सोलिङ | १ | ६००००० | ० | २५०००० | ८५०००० | १० | युवा रुप |
| ३ | बरुवा गुरु रेम्पोर्छे पदमार्ग निर्माण | २ | ७००००० | २५००० | ० | ७२५००० | १२ | युवा रुप |
| ४ | बरुवा बोलगाउँ याङ्ग्री सडक स्तरोन्नती | २ | ९००००० | ३००००० | ० | १२००००० | १६ | नेपाल सरकार |
| ५ | महिखर्क कल्नेसा गोरेटो बाटो मर्मत | २ | ५००००० | २५००० | ० | ५२५००० | ९ | नेपाल सरकार |
| ६ | भोताङ मोटर बाटो सोलिङ | ३ | ८००००० | ० | ० | ८००००० | १४ | नेपाल सरकार |
| ७ | भल व्यवस्थापन | ३ | ३२०००० | ३५०००० | ० | ६७०००० | ६ | युवा रुप |
| ८ | मानेखर्क-खलङगाटार देउराली-खोलेबगर बाटो मर्मत | ४ | ३७३३३४ | १५०००० | ० | ५२३३३४ | ६ | युवा रुप |
| ९ | नयाँधारा-ढाँडखर्क सिंचाई कुलो मर्मत | ४ | ३७३३३३ | ५०००० | १००००० | ५२३३३३ | ६ | नेपाल सरकार |
| १० | तेन्जिङ चोक देखि धुलिखेल अस्पताल जाने सडक सोलिङ तथा सिंढी निर्माण | ४ | ३७३३३३ | १५०००० | ० | ५२३३३३ | ६ | नेपाल सरकार |
| ११ | गुन्सा च्यो चो मोटरबाटो सोलिङ | ५ | ११२०००० | ३५०००० | ० | १४७०००० | १९ | नेपाल सरकार |
| १२ | खोप्रे सिंचाई कुलो निर्माण योजना | ६ | ३००००० | ५०००० | ० | ३५०००० | ५ | नेपाल सरकार |
| १३ | सल्लेरीटोल देखी हाँडीखोला दोभान मसाने पाटीसम्म पदमार्ग मर्मत | ६ | ४७५००० | ७५००० | ० | ५५०००० | ८ | नेपाल सरकार |
| १४ | आम्दुर्गे लेखर्क मोटरबाटो मर्मत | ६ | ८५०००० | १५०००० | ० | १०००००० | १५ | नेपाल सरकार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | पंधेरे धारा देखी ठकुरी गाउँसम्म पदमार्ग मर्मत | ६ | ४७५००० | ७५००० | ० | ५५०००० | ८ | युवा रुप |
| १६ | तिपेनी भोटेनाम्लाङ मोटरबाटो सोलिङ तथा नाला व्यवस्थापन | ७ | १३००००० | ३००००० | ० | १६००००० | २३ | नेपाल सरकार |
| १७ | भोटेनाम्लाङ मा.वि देखी काफ्लेसम्म सडक सोलिङ तथा नाला व्यवस्थापन | ७ | ५५०००० | ५०००० | ० | ६००००० | १० | युवा रुप |
| १८ | खाल्डे लागर्चे वडा कार्यालयसम्म सडक सोलिङ तथा नाला व्यवस्थापन | ८ | ९२५००० | १७५००० | ० | ११००००० | १६ | नेपाल सरकार |
| १९ | तिपेनी कोटगाउँ फुर्केसल्ला सम्म सडक सोलिङ तथा नाला व्यवस्थापन | ८ | ९२५००० | १७५००० | ० | ११००००० | १६ | युवा रुप |
| २० | जन्तरे सिंचाई मर्मत | १ | ५००००० | ० | २००००० | ७००००० | १७ | नेपाल सरकार |
| २१ | लाखुरे सिचाई मर्मत | १ | ७२०००० | १५०००० | ० | ८७०००० | २४ | नेपाल सरकार |
| २२ | गेलदर नरेभिर गोरेटो बाटो मर्मत | २ | ५००००० | ५०००० | ० | ५५०००० | १७ | नेपाल सरकार |
| २३ | इन्द्रवती वन्जरनटोल वरूवा गोरेटोबाटो मर्मत | २ | ६२०००० | ५०००० | ० | ६७०००० | २१ | नेपाल सरकार |
| २४ | बोलगाउँ दाडरिमा गोरेटो बाटो मर्मत | २ | ५००००० | ५०००० | ० | ५५०००० | १७ | नेपाल सरकार |
| २५ | सिङदोल गोरेटो बाटो मर्मत | ३ | ८२०००० | १५०००० | ० | ९७०००० | २८ | नेपाल सरकार |
| २६ | छिम्ती सिंचाईकुलो मर्मत | ४ | ३००००० | ० | १००००० | ४००००० | १० | नेपाल सरकार |
| २७ | ढाँडखर्क मानेखर्क बाटो सोलिङ | ४ | ५२०००० | १५०००० | ० | ६७०००० | १८ | नेपाल सरकार |
| २८ | मस्युङडाँडा हुँदै च्यो च्यो मोटरबाटो मर्मत | ५ | ८२०००० | १५०००० | ० | ९७०००० | २८ | नेपाल सरकार |
| २९ | पतेरीखोला सिंचाईकुलो निर्माण | ६ | ११००००० | १००००० | ० | १२००००० | ३७ | नेपाल सरकार |
| ३० | माभिरूस्टी पुल देखि गाउँपालिका जाने गोरेटो बाटो मर्मत | ६ | ५२०००० | ५०००० | ० | ५७०००० | १८ | नेपाल सरकार |
| ३१ | भोटेनाम्लाङ मोटरबाटो सोलिङ तथा नाला निर्माण | ७ | ११२०००० | १३०००० | ० | १२५०००० | ३८ | नेपाल सरकार |
| ३२ | यल्मुजुङ कुलो मर्मत | ७ | ३००००० | २०००० | ० | ३२०००० | १० | नेपाल सरकार |
| ३३ | खाल्डे लागर्चे वडाकार्यालय सम्म सडक सोलिङ तथा नाला निर्माण | ८ | ७१०००० | ७५००० | ० | ७८५००० | २४ | नेपाल सरकार |
| ३४ | तिपेनी कोटगाऊँ फुर्केसल्लासम्म सडक सोलिङ तथा नाला निर्माण | ८ | ७१०००० | ७५००० | ० | ७८५००० | २४ | नेपाल सरकार |
| | **जम्मा** | | २२३७०००० | ४०००००० | ६५०००० | २७०२०००० | ५४८ | |

उक्त आयोजना कार्यान्वयनका लागि **प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु. *२,२३,७०,०००।००*** तथा **गाउँपालिका/वडा कार्यालयको तर्फबाट *रु. ४६,५०,०००।००* गरि *कुल रु. २,७०,२०,०००।०० वजेट*** विनियोजन भएको थियो । उक्त आयोजना सञ्चालन गर्न विनियोजन भएको बजेटको श्रोतको हिस्सा तलको चार्टमा प्रस्तुत गरिएको छ ।




## ५.६.३ कामदार परिचालन तथा परिचयपत्र वितरण:

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका अनुसार रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएका कामदार मध्ये आयोजना कार्यान्वयनका लागि आयोजनाको प्राविधीक लागत स्टीमेट तथा योजनामा उपलब्ध वजेटको आधारमा ५४८ जना कामदारलाई आयोजनामा परिचालन गरिएको थियो । आयोजनामा कामदार परिचालन गर्दा रोजगार सेवा केन्द्रले कामदारको परिचय पत्र सहित काममा खटाएको थियो । आयोजनामा परिचालन भएका कामदारको परिचयपत्रको नमुना निम्न अनुसार रहेको छ ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला
पाँचपोखरी थाङ०पाल गाउँपालिका

लाभग्राही परिचयपत्र नंम्बर: ३०२०३२८५७८१ पारिवारिक संकेत नंम्बर: ३०२०३२८५७८

लाभग्राही परिचयपत्र

नाम : छेम्वेल साङवो तामाङ

ठेगाना : बागमती प्रदेश, सिन्धुपाल्चोक, पाँचपोखरी थाङ०पाल गाउँपालिका - २

नागरिकता/राष्ट्रिय परिचयपत्र नं. : १२४३१५

लाभग्राही परिचयपत्र जारी मिति : २०७७-१२-३०

प्रमाणित गर्ने कर्मचारीको हस्ताक्षर :

| आर्थिक वर्ष ( २०७८/२०७९ ) | | | | | |
|---|---|---|---|---|---|
| काम गरेको आयोजनाको नाम | देखि | सम्म | दिन | कामको प्रकृति | प्रमाणित गर्ने आयोजना अधिकारी |
| रुवा गुरु रेम्पोर्चे पदमार्ग मर्मत | २०७८-७-१२ | २०७८-९-८ | ५० | सडक यातायात | बाबुराम स्याङवो तामाङ |
| रुवा गुरु रेम्पोर्चे पदमार्ग मर्मत | २०७८-९-२१ | २०७८-११-३० | ५० | सडक यातायात | बाबुराम स्याङवो तामाङ |
| | | | | | |
| | | | | | |

### ५.६.४ आयोजना कार्यान्वयन:

पाँचपोखरी थाङपाल गाउँपालिकामा आ.व २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमीकमा आधारीत सामुदायिक आयोजना कार्यान्वयन गर्न प्राप्त शसर्त अनुदान र गाउँपालिकाको लागत साझेदारीका लागि विनियोजन भएको लागत साझेदारी रकमबाट स्विकृत आयोजनाहरु कार्यान्वयन गरिएको छ ।

आ.व २०७८/०७९ मा यस गाउँपालिकामा कामका लागि पारिश्रमीकमा आधारित आयोजना कार्यान्वयन गर्न विभिन्न श्रोतबाट **कुल २,७०,२०,०००।०० अनुदान** प्राप्त भएको थियो । उक्त रकम बाट **कुल ३४ वटा** आयोजना कार्यान्वयन गरिएको छ । आयोजना कार्यान्वयन गर्ने क्रममा **कुल ५४१ जना** सूचिकृत बेरोजगार व्यक्तिहरुलाई औषत ६६ दिनको रोजगारी उपलब्ध भएको छ । सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएका आयोजना बाट **३५८३३** दिनको रोजगारी सिर्जना भएको छ । पाँचपोखरी थाङपाल गाउँपालिकामा आ.व २०७८/०७९मा सञ्चालन भएका आयोजनाहरु मुख्य गरि ३ वटा क्षेत्रमा आधारित रहेको थियो । क्षेत्रगत रुपमा सञ्चालन भएका आयोजना तथा उपलब्धि निम्न अनुसार रहेको छ ।

#### क) सडक मर्मत तथा विस्तार:

आ.व २०७८/०७९मा पाँचपोखरी थाङपाल गाउँपालिकाको विभिन्न वडाहरुमा सडक मर्मत तथा विस्तार सम्वन्धि २६ वटा आयोजना कार्यान्वयन गरिएको छ । सडक मर्मत अन्तरगत सञ्चालन भएका आयोजनाहरुमा मोटरबाटो, पदमार्ग तथा गोरेटोबाटो रहेका छन् । सडक मर्मत तथा विस्तार अन्तरगत मुख्य रुपमा सडक सोलङ गर्ने, नाला निर्माण गर्ने, गविन वाल निर्माण गर्ने, सिंढी निर्माण गर्ने, बाटो कटिङ गर्ने तथा साइड किलयरिङको काम रहेको छ । यस आ.व मा सञ्चालन भएका उक्त आयोजनाबाट भएको मुख्य उपलब्धिहरु निम्न अनुसार रहेको छ ।

**योजना संख्या** **२६ वटा**

| | |
|---|---|
| ➢ सडक सोलिङ | ५२०४ घन मिटर |
| ➢ साइड क्लियरिङ | २८९८१ वर्ग मिटर |
| ➢ नाला निर्माण | १४२१ घन मिटर |
| ➢ ग्याविन पर्खाल | १६२ घन मिटर |
| ➢ मेशिनरी पर्खाल | ५३ घन मिटर |
| ➢ सिंढी निर्माण | १०५७ घन मिटर |
| ➢ हिल कटिङ | १०८७ घन मिटर |
| ➢ पि सि सि ढलान | १७ घन मिटर |

## ख) सिंचाई कुलो निर्माण तथा मर्मतः

सिंचाई कुलो निर्माण तथा मर्मत अन्तरगत आ.व २०७८/०७९ मा ७ वटा आयोजना कार्यान्वयन भएको छ । सिंचाई कुलो निर्माण अन्तरगत कुलो खन्ने, मेशिनरी पर्खाल निर्माण, सुख्खा पर्खाल निर्माण, पिसिसि ढलान, प्लाष्टर, कुलो सफा तथा विस्तार गर्ने र पाइप विच्छ्याउने आदी कार्य गरिएको छ । उक्त आयोजना अन्तरगत भएको मुख्य उपलब्धि निम्न अनुसार रहेको छ ।

**योजना संख्या ७ वटा**

| | |
|---|---|
| ➢ Site Clearance | ६५२४ वर्ग मिटर |
| ➢ कुलो निर्माण | १२६० घन मिटर |
| ➢ मेशिनरी पर्खाल | १२९ घन मिटर |
| ➢ सुख्खा पर्खाल | २६० घन मिटर |
| ➢ PCC | १३ घन मिटर |
| ➢ HDPE Pipe | १२० मिटर |
| ➢ प्लाष्टर | ६७ वर्ग मिटर |

## ग) ढल व्यवस्थापन

रोजगार सेवा केन्द्रले आ.व २०७८/०७९ मा १ वटा ढल व्यवस्थापन सम्वन्धि योजना कार्यान्वयन गरेको छ । ढल व्यवस्थापन अन्तरगत कुलो निर्माण, मेशिनरी वाल निर्माण, सोलिङ तथा पिसिसि ढलान सम्वन्धि काम रहेको छ । ढल व्यवस्थापन अन्तरगत निम्न अनुसार कार्य भएको छ ।

**योजना संख्या १ वटा**

| | |
|---|---|
| ➢ कुलो निर्माण | ११८ घन मिटर |
| ➢ मेशिनरी वाल | ६४ घन मिटर |
| ➢ सोलिङ | १४ घन मिटर |
| ➢ P C C ढलान | ७ घन मिटर |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन भएका आयोजना कार्यान्वयनको क्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथामीकिकरण अनुसार आयोजनामा परिचालन गर्नु पर्ने भए पनि आयोजना स्थल र सूचीकृत बेरोजगार व्यक्तिहरुको भौगोलिक विकटताका कारण आयोजनामा काम गर्न नसक्ने अवस्था सिर्जना भएकै कारण कतिपय आयोजनामा वडा समितिको शिफारिसका आधारमा सूचीकृत कामदार परिचालन गरि आयोजना कार्यान्वयन गरिएको छ। आयोजना कार्यानवयनका लागि वडा समितिका पदाधिकारी वडा सचिव तथा वडामा कार्यरत प्राविधिक कर्मचारीको समेत महत्वपुर्ण सहयोग र समन्वयका कारण आयोजनाको उपलब्धि हासिल भएको छ ।

### ५.६.५ कार्यक्रमको अनुगमन:

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन भएका कार्यक्रमहरुको अनुगमनमा वडा समितिका पदाधिकारी तथा गाउँपालिकाको अनुगमन समितिका पदाधिकारीहरुको सहभागिता रहेको थियो । रोजगार सेवा केन्द्र अन्तरगत सञ्चालन भएका आयोजनाहरुको नियमित रुपमा रोजगार संयोजक तथा प्राविधिक सहायकले अनुगमन गरि आयोजना कार्यान्वयनमा सहजिकरण गरिएको थियो । आयोजना कार्यान्वयनको क्रममा वडा कार्यालयले कामदार परिचालनका लागि रोजगार सेवा केन्द्रसँग समन्वय गरि आयोजनाहरुको व्यवस्थापन गरिएको थियो । सञ्चालन भएका आयोजनाहरुको अनुगमन गर्ने क्रममा आयोजनामा विनियोजन गरिएको रकमको तुलनामा उल्लेखनीय काम भएको, कामको गुणस्तर सुधार भएको तथा रोजगार उपभोक्ता समिति मार्फत सञ्चालन भएको काम प्रशंसा गर्न लायक रहेकोले आगामी दिनमा गाउँपालिकाले पनि यो मोडलमा आयोजना सञ्चालन गर्नुपर्ने धारणा व्यक्त भएको थियो । आयोजना सञ्चालनका लागि समयमा वजेट तथा अख्तियारी नआउदा समयमा काम गर्न नसकिएकोले कतिपय योजनाको काम सम्पन्न गर्न नसकिएको र आयोजनाका लागि विनियोजन गरिएको रकम फिर्ता भएकोले आगामी दिनमा समयमा नै योजना सम्झौता गर्नुपर्ने सुझाव प्राप्त भएको थियो । आयोजनाको अनुगमनको क्रममा कतिपय योजनामा ठुलो रकम लगानी गर्नुपर्ने अवस्था रहेको, बाढी तथा पहिरोका कारण योजना कार्यान्वयनको दौरानमा नै क्षती पुगेको, कतिपय योजनाहरु कामका लागि पारिश्रमीकमा आधारीत कार्यविधि अनुसार खर्च गर्दा निर्माण सामग्री जुटाउन कठिनाई भएकोले योजना कार्यान्वयन गर्दा स्थानीय तहसँग साझेदारीमा सञ्चालन गर्दा योजना सम्पन्न गर्न सहज हुने र आगामी दिनमा वडाहरुबाट आयोजना शिफारीस गर्दा श्रम मुलक प्रविधिमा आधारीत आयोजना मात्र छनोट गर्नुपर्ने अवस्था रहेको छ ।







## ६. आयोजनाको खर्च तथा रोजगारी सिर्जना

आ.व २०७८/०७९ मा पाँचपोखरी थाङपाल गाउँपालिकाको वडागत रुपमा सञ्चालन भएका कामका लागि पारिश्रमीकमा आधारित आयोजनामा भएको खर्च, आयोजनामा परिचालन भएका कामदारको संख्या तथा उक्त आयोजनाबाट उपलब्ध औषत रोजगारीका दिनहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**कामका लागि पारिश्रमीकमा आधारित आयोजनाको खर्च तथा उपलब्ध रोजगारीको विवरण**

| क.स | योजनाको नाम | वडा नं. | आयोजनाको कुल खर्च | | | रोजगारीमा संलग्न संख्या | औष रोजगारी दिन |
|---|---|---|---|---|---|---|---|
| | | | प्र.म रोजगार | गा.पा तथा वडा कार्यालय | जम्मा | | |
| १ | तिपेनी घुम्लेपाखो वडा कार्यालय सडक सोलिङ | १ | ७१२५९५ | ३५०००० | १०६२५९५ | १३ | ९५.०० |
| २ | चिण्डे मन्दीगाउँ सडक सोलिङ | १ | ५७९३०८ | २५०००० | ८२९३०८ | १० | १००.०० |
| ३ | बरुवा गुरु रेम्पोर्छे पदमार्ग निर्माण | २ | ६९२४०० | २५००० | ७१७४०० | १२ | १००.०० |
| ४ | बरुवा बोलगाउँ याङ्ग्री सडक स्तरोन्नती | २ | ८९८९६६ | ३००००० | ११९८९६६ | १६ | ९७.३७ |
| ५ | महिखर्क कल्नेसा गोरेटो बाटो मर्मत | २ | ५००००० | २५००० | ५२५००० | ९ | १००.०० |
| ६ | भोताङ मोटर बाटो सोलिङ | ३ | ७९९७२२ | ० | ७९९७२२ | १६ | ८६.६२ |
| ७ | भल व्यवस्थापन | ३ | ३२०००० | ३५०००० | ६७०००० | ६ | १००.०० |
| ८ | मानेखर्क-खलङगाटार देउराली-खोलेबगर बाटो मर्मत | ४ | ३७३३१९ | १५०००० | ५२३३१९ | ६ | १००.०० |
| ९ | नयाँधारा-ढाँडखर्क सिंचाई कुलो मर्मत | ४ | ३४६२०० | १५०००० | ४९६२०० | ६ | १००.०० |
| १० | तेन्जिङ चोक देखि धुलिखेल अस्पताल जाने सडक सोलिङ तथा सिंढी निर्माण | ४ | ३७३३१९ | १५०००० | ५२३३१९ | ७ | ९२.४२ |
| ११ | गुन्सा च्यो चो मोटरबाटो सोलिङ | ५ | १०९६३०० | ३५०००० | १४४६३०० | १९ | १००.०० |
| १२ | खोप्रे सिंचाई कुलो निर्माण योजना | ६ | २८८५०० | ४९२३५ | ३३७७३५ | ५ | १००.०० |
| १३ | सल्लेरीटोल देखी हाँडीखोला दोभान मसाने पाटीसम्म पदमार्ग मर्मत | ६ | ४६१६०० | ७५००० | ५३६६०० | ८ | १००.०० |
| १४ | आम्दुर्गे लेखर्क मोटरबाटो मर्मत | ६ | ८४९३४४ | १५०००० | ९९९३४४ | १५ | ९८.१३ |
| १५ | पंधेरे धारा देखी ठकुरी गाउँसम्म पदमार्ग मर्मत | ६ | ४६१६०० | ७५००० | ५३६६०० | ८ | १००.०० |
| १६ | तिपेनी भोटेनाम्लाङ मोटरबाटो सोलिङ तथा नाला व्यवस्थापन | ७ | १२९७०९६ | ३००००० | १५९७०९६ | २९ | ७७.५१ |
| १७ | भोटेनाम्लाङ मा.वि देखी काफ्लेसम्म सडक सोलिङ तथा नाला व्यवस्थापन | ७ | ५४५८४२ | ५०००० | ५९५८४२ | ११ | ८६.०० |
| १८ | खाल्डे लागर्चे वडा कार्यालयसम्म सडक सोलिङ तथा नाला व्यवस्थापन | ८ | ९२३२०० | १७५००० | १०९८२०० | १६ | १००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | तिपेनी कोटगाउँ फुर्केसल्ला सम्म सडक सोलिङ तथा नाला व्यवस्थापन | ८ | ९२५००० | १७४११९ | १०९९११९ | १७ | ९६.८८ |
| २० | जन्तरे सिंचाई मर्मत | १ | ४९९६४८ | २००००० | ६९९६४८ | १७ | ४९.६४ |
| २१ | लाखुरे सिचाई मर्मत | १ | ६७६३६० | १५०००० | ८२६३६० | २४ | ४७.६० |
| २२ | गेलदर नरेभिर गोरेटो बाटो मर्मत | २ | ५००००० | २२७९८ | ५२२७९८ | १६ | ५४.०० |
| २३ | इन्द्रवती वन्जराटोल वरूवा गोरेटोबाटो मर्मत | २ | २०७२०० | ० | २०७२०० | ७ | ५०.०० |
| २४ | बोलगाउँ दाङरिमा गोरेटो बाटो मर्मत | २ | ४४४००० | २१८२७ | ४६५८२७ | १५ | ५०.०० |
| २५ | सिङदोल गोरेटो बाटो मर्मत | ३ | ८१९९२० | १४८७५२ | ९६८६७२ | २५ | ५५.४० |
| २६ | छिम्ती सिंचाईकुलो मर्मत | ४ | २९९५९२ | १००००० | ३९९५९२ | १० | ५०.६० |
| २७ | ढाँडखर्क मानेखर्क बाटो सोलिङ | ४ | ५१९७७६ | १५०००० | ६६९७७६ | १८ | ४८.७८ |
| २८ | मस्युङडाँडा हुँदै च्यो च्यो मोटरबाटो मर्मत | ५ | ८१५७७६ | १५०००० | ९६५७७६ | ३० | ४५.९४ |
| २९ | पतेरीखोला सिंचाईकुलो निर्माण | ६ | ८७७३४४ | १००००० | ९७७३४४ | ५१ | २९.०५ |
| ३० | माझिरूम्टी पुल देखि गाउँपालिका जाने गोरेटो बाटो मर्मत | ६ | ५१८००० | ४९००० | ५६७००० | २८ | ३१.२५ |
| ३१ | भोटेनाम्लाङ मोटरबाटो सोलिङ तथा नाला निर्माण | ७ | ६०७९८४ | ९३५०० | ७०१४८४ | २५ | ४१.०८ |
| ३२ | यल्मुजुङ कुलो मर्मत | ७ | २७२३२० | १८२०० | २९०५२० | १० | ४६.०० |
| ३३ | खाल्डे लागर्चे वडाकार्यालय सम्म सडक सोलिङ तथा नाला निर्माण | ८ | ५३२८०० | ६५००० | ५९७८०० | १५ | ६०.०० |
| ३४ | तिपेनी कोटगाऊँ फुर्केसल्लासम्म सडक सोलिङ तथा नाला निर्माण | ८ | ७०९२१६ | ७५००० | ७८४२१६ | २१ | ५७.०४ |
| | **जम्मा** | | २०७४४२४७ | ४४९२४३१ | २५२३६६७८ | ५४१ | ६६ |

आ.व २०७८/०७९ मा गाउँपालिकाको विभिन्न वडाहरुमा सञ्चालन भएका आयोजनाहरुको झलकहरु निम्न अनुसार रहेकोछ ।


चिण्डे मन्दीगाउँ सडक. वडा नं. १


तिपेनी भोटेनामलाङ सडक. वडा नं. ७


बरुवा गरु रेम्पोर्छे पदमार्ग. वडा नं. २


तिपेनी कोटगाउँ लप्से सडक. वडा नं. ८


मानेखर्क खलंगाटार सडक. वडा नं. ४


खोप्रे सिंचाई. वडा नं. ६


मस्यङडाँडाहँदै च्यो च्यो च्यो च्यो बाटो मर्मत. वडा नं. ५



भोताङ भल व्यवस्थापन, वडा नं. ३



सिङदोल गोरेटोबाटो मर्मत, वडा नं. ३



जन्तरे सिंचाई मर्मत, वडा नं. १



नयाँधारा ढाँडखर्क सिंचाई मर्मत, वडा नं. ४

## ७. कार्यक्रमको मुख्य उपलब्धि:

पाँचपोखरी थाङपाल गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार सेवा केन्द्र मार्फत आ.व २०७८/०७९ मा सञ्चालन भएको कार्यक्रमहरुको मुख्य उपलब्धि निम्न अनुसार रहेको पाइन्छ ।

- विभिन्न ३४ वटा आयोजना कार्यानवयका लागि ५४१ जना सूचीकृत वेरोजगार व्यक्तिहरुलाई कुल ३५८३३ दिनको रोजगारी उपलब्ध भएको छ ।
- श्रमीक परिचालन मार्फत योजना कार्यान्वयन गर्दा पनि गुणस्तरीय काम गर्न सकिन्छ भन्ने विश्वास बढेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम प्रतिको बुझाईमा परिवर्तन भएको छ । कार्यक्रमको सुरुवातीमा बेरोजगारलाई भत्ता दिने कार्यक्रम भनेर हेर्ने गरिएको थियो भने अहिले काम नगरि दाम आउदैन भन्ने धारणा समुदायमा परेको छ ।
- योजना कार्यान्वयनको क्रममा समितिका पदाधिकारीहरुबाट आर्थिक अनियमितता भएको भनी आउने गुनासो कम गर्न मद्दत पुगेको छ ।
- कामदारको ज्याला बैंक खाता मार्फत भुक्तानी गर्दा समयमा ज्याला नपाउने तथा कम ज्याला पाउने जोखिम हटेको छ ।
- सुरु सुरुमा कार्यक्रमको विरोध गर्ने व्यक्तिहरु कामको प्रशंसा गर्न थालेका छन् । गाउँपालिकाले कार्यक्रमका लागि लागत साझेदारीको रकममा बृद्धि गर्दै लगेको छ ।
- कामका लागि समुदायको चासो बढेको छ । रोजगारीका लागि के गर्नु पर्दछ भनेर रोजगार सेवा केन्द्रमा आउनेहरुको संख्या बृद्धि भएको छ ।
- सामुदायिक निर्माण कार्यमा महिलाहरुको सहभागिता बढेको छ ।
- गाउँमा नै काम गर्दा सानो भइदैन भन्ने धारणाको विकास भएको छ ।
- समान कामको लागि समान ज्याला निर्धारण गर्दा क्षमता अनुसारको काम र कामदार बिच समानताको भावना विकास भएको छ ।

## ८. कार्यक्रम सञ्चालन गर्दा आईपरेका समस्या तथा चुनौतीहरु:

कार्यक्रम सञ्चालन गर्दा भएका उपलब्धिहरुको अलावा कार्यक्रम सञ्चालनमा चुनौती तथा समस्याहरु पनि रहेका छन् । यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दाका चुनौतिहरु निम्न अनुसार रहेका छन् ।

- भौगोलिक विकटता र छरिएको बस्तीका काराण रोजगार व्यवस्थापन सूचना पणालीको प्राथामिकताक्रम अनुसार कामदार परिचालन गर्न कठिनाई रहेको छ,
- न्यूनतम १०० दिनको रोजगारीका लागि सूचीकृत बेरोजगारको अनुपातमा न्यून वजेट विनियोजन हुँदा सबैलाई रोजगारी दिन सकिएको छैन,
- सूचिकृत बेरोजगार व्यक्तिहरुले १०० दिनको रोजगारी भन्दा पनि सबैले समान रुपमा काम पाउनु पर्दछ भन्ने दवाव आउने गरेको छ,
- सशर्त अनुदानको रकम कामदारको ज्यालामा मात्र खर्च गर्नु पर्ने वाध्यात्मक अवस्थाका कारण कतिपय योजना सञ्चालन गर्न कठिनाई हुनु,

- वास्तविक बेरोजगार पहिचान तथा सुचिकरणका लागि वडा बाट फर्म रुजु नहुँदा प्राथामिकताक्रम र बेरोजगारको वास्तविक अवस्थामा मेल नखानु,
- आयोजना संख्या धेरै हुने तथा रोजगार सेवा केन्द्रमा सवारी साधन उपलब्ध नहुँदा एक जना प्राविधिकले आयोजनाहरुको समयमा अनुगमन गर्न कठिनाई हुनु,
- सुचिकृत कामदारलाई वडाबाट निर्णय गराइ काममा लगाउदा वास्तविक वेरोजगार भन्दा पनि आफ्ना मान्छेलाई काम दिएको भन्ने गुनासो आउनु,
- गाउँपालिकाले सञ्चालन गर्ने अन्य योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत कामदार परिचालन गर्न कठिनाई हुनु ।

## ९. कार्यक्रमको सुधारगर्नुपर्ने पक्ष:

कार्यक्रम सञ्चालन गर्ने क्रममा कार्यक्रमका धेरै सकारात्मक पक्षहरु भए पनि कतिपय सुधार गर्नुपर्ने पक्षहरु रहेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रमले आन्तरीक रोजगारीमा बृद्धि गर्दै श्रममुलक जनशक्ति परिचालन मार्फत आर्थिक सबृद्धिको लक्ष्य लिएको छ । आगामि दिनमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगारमुलक आयोजना सञ्चालन गर्दा निम्न कुराहरु सुधार गर्नुपर्ने सुझावहरु प्राप्त भएका छन् ।

- नेपाल सरकारले रोजगारमुलक आयोजना सञ्चालन गर्न नीतिगत रुपमा गरेको व्यवस्था तथा सार्वजनिक खरीद नियमावलीको नवौं संशोधनमा भएको व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहल गर्न सकेमा अधिकतम रोजगारी सिर्जना हुनेहुँदा यस तर्फ ध्यान जानु पर्दछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट कामदारको ज्यालामा मात्र खर्च गर्नुपर्ने र कतिपय आयोजना कार्यान्वयनका लागि आवश्यक निर्माण औजार तथा सामग्रीको अभावमा योजना कार्यान्वयनमा कठिनाई हुने हुँदा आयोजनाको प्रकृति र प्राविधिकको स्टीमेटका आधारमा निर्माण सामग्री खरिदका लागि गाउँपालिकाले वजेट व्यवस्थ ागर्न सकेमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने भएकोले गाउँपालिकाले यस तर्फ ध्यान दिनु पर्दछ ।
- वडा तथा गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाहरुमा सूचीकृत कामदार परिचालनका लागि गाउँपालिकाले नीतिगत रुपमा नै व्यवस्था गरि योजना कार्यान्वयनमा सूचीकृत कामदार परिचालन गर्ने व्यवस्था हुनु पर्दछ ।
- आयोजनाको अनुगमन गर्नका लागि वडाका जनप्रतिनीधिहरुलाई मुख्य जिम्मेवार बनाउनु पर्दछ र अनुगमनको क्रममा हुने सामान्य खर्चको व्यवस्थापन आयोजनाबाट गरिनु पर्दछ ।
- आयोजना कार्यान्वयन गर्नका लागि प्राविधिक स्टीमेटको आधारमा कामदारले गर्नुपर्ने कामको बारेमा अग्रिम जानकारी गराई कामको विस्तृत जानकारी गराउनु पर्दछ । यसरी कामदार परिचालन गर्दा कामदारको हाजिरी भन्दा पनि निर्धारित काम सम्पन्न भयपछि भुक्तानी गर्दा अझ प्रभावकारी रुपमा काम हुने देखिन्छ ।
- रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने आयोजनाको अनुगमनलाई प्रभावकारी बनाउन रोजगार सेवा केन्द्रमा सवारी साधनको व्यवस्था हुनुपर्ने ।
- रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने आयोजनाको अनुगमन गरि उत्कृष्ठ काम गर्ने रोजगार उपभोक्ता समितिलाई प्रोत्साहनका लागि आवश्यक कार्य गर्नु पर्दछ ।

## १०. कार्यक्रमको निश्कर्ष तथा सुझाव:

नागरिकको संविधान प्रदत्त रोजगारीको हकको सुनिश्चितताका लागि नेपाल सरकारले २०७५ साल देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्दै आएको हो । कार्यक्रम कार्यान्वयनको क्रममा पाँचपोखरी थाङपाल गाउँपालिकामा पनि आ.व २०७५/०७६ मा ***रोजगार सेवा केन्द्र***को स्थापना गरि रोजगार सेवा केन्द्र मार्फत कार्यक्रम सञ्चालन भैरहेको छ । रोजगारमुलक आयोजना कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्तहुने शसर्त अनुदानको अलावा गाउँपालिकाले पनि रोजगारमुलक आयोजना कार्यान्वयनका लागि लागत साझेदारी गर्ने गरि वजेट विनियोजन गर्दै आएकोछ। आ.व २०७८/०७९ मा पाँचपोखरी थाङपाल गाउँपालिकामा बेरोजगार सुचिमा सूचिकृत हुनका लागि निवेदन दिनेहरु मध्ये **१८०५ जनाको** विवरण ***रोजगार व्यवस्थापन सूचना प्रणालीमा*** अद्यावधिक गरिएको थियो ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको मुख्य उद्देश्य भनेको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउनु रहेको छ । आ.व २०७८/०७९ मा गाउँपालिकामा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तथा गाउँपालिकाको तर्फबाट लागत साझेदारी गरी कुल ३४ वटा रोजगारमुलक आयोजना सम्पन्न भएका छन्। उक्त आयोजनामा कामगर्न रोजगार सेवा केन्द्रले **५४८ जना** सूचिकृत कामदार परिचालन गरेको मा कुल ५४१ जना सूचीकृत बेरोजगार व्यक्तिहरुले **औषत ६६.२४ दिन** काम गरेका छन् भने समग्रमा आ.व २०७८/०७९ मा **कुल ३५८३३ दिनको** रोजगारी उपलब्ध भएको छ । रोजगार सेवा केन्द्र मार्फत सञ्चालन भएका रोजगारमुलक आयोजनाहरुले स्थानीय स्तरमा अल्पकालीन रोजगारी सिर्जना हुनुका साथै काम गर्दा कोही सानो हुँदैन भन्ने भावनाको विकास भएको छ । आयोजनामा कामगर्ने कामदारहरुको ज्याला भुक्तानी बैंक मार्फत हुने हुँदा आयोजनामा काम गर्ने वास्तविक कामदारको रकम सम्वन्धित व्यक्तिले एकमुष्ठ रुपमा पाउने र उक्त रकमले परिवारमा सानोतिनो कामगर्नमा समेत टेवा पुगेकोछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन भएका आयोजनाहरुमा महिलाहरुको सहभागिता रहेको तथा कामदारको ज्याला समान रहेको हुँदा महिलाले पनि सार्वजनिक निर्माणमा योगदान गर्न सक्छन भन्ने धारणाको विकास भएको छ । आयोजनामा काम गरि आयआर्जनको अवसरहरुको बृद्धि सँगै महिला शसक्तिकरणमा समेत टेवा पुगेकोछ ।

प्राकृतिक प्रकोप तथा महामारी जन्य रोगका कारण कयौ नेपालीहरुले आन्तरीक तथा बैदेशिक रोजगारी गुमाएको अवस्थामा स्थानीय स्तरमा सुचिकृत बेरोजगार व्यक्तिहरुले न्यूनतम रोजगारी पाउनुले उनिहरुको परिवारका लागि रोजिरोटीको व्यवस्था भएको छ। ***कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना*** कार्यान्वयन गर्ने क्रममा गरिएको काम, कामदारको भुक्तानी प्रक्रिया तथा आयोजना सञ्चालनका लागि खर्चको सिमा कार्यविधिमा नै उल्लेख भएकोले आयोजनाका लागि विनियोजित रकम कहाँ कहाँ खर्च भयो भन्नेकुरा हरेक कामदारलाई जानकारी हुने र आयोजना पुर्ण रुपमा पारदर्शिहुने कामदार तथा अन्य सर्वसाधारणको भनाई रहेको छ। स्थानीय स्तरमा बढी भन्दा बढी रोजगारी सिर्जना गरी लक्षित परिवारको आर्थिक सामाजिक जिवन स्तरमा सुधार ल्याउने तथा सम्बृद्ध पाँचपोखरी निर्माणका लागि गाउँपालिकाले आगामी दिनमा सञ्चालन गर्ने आयोजनाहरुमा अनिवार्य रुपमा रोजगार सेवा केन्द्रमा सूचीकृत कामदारको प्रयोग गर्न नीतिगत व्यवस्था गर्नुका साथै आवश्यक वजेट विनियोजन गर्नुपर्ने देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रारम्भ गर्दा यो कार्यक्रमलाई बेरोजगारलाई भत्ता वितरण गर्ने कार्यक्रमको रुपमा बुझिएको भए पनि हाल आएर सूचीकृत बेरोजगारले तोकिएको आयोजनामा काम गर्नु पर्ने भएकोले समुदायको बुझाइमा समेत परिवर्तन भएकोछ ।